मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २४० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ साउन १ गते मंगलबार (Tuesday, 16 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

**सुर्तीजन्य पदार्थको सेवन नगरौं**

सुर्तीजन्य पदार्थको सेवनले,
- सेवनकर्तालाई प्रत्यक्ष रुपमा,
- परिवारजन एवम् सम्पर्कका व्यक्तिहरुलाई अप्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्दछ ।
- यसले स्वास्थ्य समस्याका अतिरिक्त पारिवारिक, सामाजिक, आर्थिक, वातावरण समेत नकारात्मक प्रभाव पार्दछ ।

त्यसैले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भिजिट भिसामा कुवेत पुऱ्याई मानव बेचबिखन



**काठमाडौं, असार ३१।** भिजिट भिसामा कुवेत पुऱ्याई मानव बेचबिखन गरेको अभियोगमा सिन्धुपाल्चोक जुगल गाउँपालिका-३ बस्ने ३२ वर्षीय डेमा लामालाई प्रहरीले पक्राउ गरेको छ ।

पीडितको उजुरीको आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उनलाई काठमाडौं गोकर्णेश्रुवर नगरपालिका-६ बाट पक्राउ गरेको हो ।

लामाले आफ्नो श्रीमती समेत कुवेतमा रहेकोले वर्किङ भिसामा क्लीनरको काममा लगाई दिने प्रलोभन देखाई पीडितबाट ९५ हजार रूपैयाँ लिई २०८० कात्तिक ५ गते भिजिट भिसामा कुवेत पुऱ्याएको, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र कुवेतको एयरपोर्टमा देखाउने कागजातहरू समेत झुठ्ठा र फरक-फरक बनाई पठाएको, कुवेतको एयरपोर्टमा पुगे पश्चात पीडितलाई लामाको श्रीमतीले रिसिभ गरी कुवेती नागरिकको घरमा एक हजार एक सय ५० कुवेती दिनारमा बेचबिखन गरेको र कुवेती नागरिकले पीडितलाई बन्धक बनाई घरेलु कामदारको रूपमा राखी पारिश्रमिक समेत नदिई यौन शोषण तथा चरम श्रम शोषण गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ ।

उनी उपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौंबाट पाँच दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# २२ सदस्यीय मन्त्रिपरिषद्

**झापा, असार ३१।** प्रधानमन्त्री केपी शर्मा ओलीले २२ सदस्यीय मन्त्रिपरिषद गठन गरेका छन् ।

प्रतिनिधि सभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको साथ पाएपछि नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले सोमबार प्रधानमन्त्रीका रूपमा चौथो कार्यकाल शुरू गरेका हुन् । दुई उपप्रधानमन्त्रीसहितको उनको २२ सदस्यीय मन्त्रिपरिषद्मा महिला जम्मा दुई जना मात्र छन् ।

ओली नेतृत्वको सरकारमा परराष्ट्रमन्त्री आरजु राणा देउवा र शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराई छन् । राणा कांग्रेसबाट र भट्टराई एमालेबाट मन्त्री बनेका हुन् । मन्त्रिपरिषद्मा दुई जना महिला अटाए पनि कांग्रेस, एमाले, जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को संयुक्त सरकार दलित र मुस्लिमविहीन बनेको छ । सत्ता समीकरणको प्रमुख दल कांग्रेसले १० जना मन्त्री पठाएको छ । जसमा एक पनि दलित परेनन् । शुरूमा कांग्रेसका जीवन परियारको नाम चर्चामा आए पनि अन्तिम समयमा मन्त्रीको सूचीमा अटाएन ।

कांग्रेसबाट प्रकाशमान सिंह उपप्रधानमन्त्री सहित शहरी विकास, रमेश लेखक गृह, आरजु राणा परराष्ट्र, अजय चौरासिया कानून, न्याय तथा संसदीय मामिला, दीपक खड्का ऊर्जा, जलस्रोत तथा सिञ्चाइ, तेजुलाल चौधरी युवा तथा खेलकूद, ऐनबहादुर शाही वन, प्रदीप पौडेल स्वास्थ्य तथा जनसंख्या, बद्री पाण्डे संस्कृति, पर्यटन तथा नागरिक उड्ययन र रामनाथ अधिकारी कृषिमन्त्री बनेका छन् ।

त्यस्तै, एमालेकातर्फबाट आठ जना मन्त्री बनेका छन् । एमालेबाट पार्टी उपाध्यक्ष विष्णु पौडेल उपप्रधानमन्त्री तथा अर्थ, पृथ्वीसुब्बा गुरुङ सञ्चार तथा सूचना प्रविधि,



देवेन्द्र दाहाल भौतिक पूर्वाधार तथा यातायात, दामोदर भण्डारी उद्योग, वाणिज्य तथा आपूर्ति, विद्या भट्टराई शिक्षा, विज्ञान तथा प्रविधि, बलराम अधिकारी भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण, मानवीर राई रक्षा र राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री बनेका छन् । एमाले सचिव छविलाल विश्वकर्माको नाम चर्चामा आए पनि मन्त्रीको सूचीमा अटाएन ।

यसैगरी, अशोक राई नेतृत्वको जसपाबाट दुई जना मन्त्री बनेका छन् । जसमा प्रदीप यादव खानेपानी र नवलकिशोर साह सुडी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री बनेका छन् । लोसपाबाट शरतसिंह भण्डारी श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री भएका छन् ।

संविधानले राज्यका सबै निकायमा समानुपातिक समावेशिताको व्यवस्था गरेको छ । तर, राज्यको माथिल्लो निकाय मन्त्रिपरिषद् नै असमावेशी भएको छ । ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउने भने पनि यो मन्त्रिपरिषद्मा करिब १० प्रतिशत सहभागिता छ ।

दलित र मुस्लिमबाट प्रतिनिधित्व नहुनु संविधानको भावना विपरीत भएको विश्लेषकहरू बताउँछन् । राजनीतिक विश्लेषक अधिकारी राज्य प्रणाली परिवर्तन भए पनि संस्कार र चेतमा परिवर्तन नआएको मन्त्रिपरिषद्ले पनि देखाउने बताउँछिन् । लोकतन्त्रकै गफ गरे पनि व्यवहारमा त्यो लागू हुन सकेको छैन । अभिजातहरूको हालीमुहाली निरन्तर कायम हुनु दुःखद् हो- अधिकारी भन्छिन् । राजनीतिक विश्लेषक कृष्ण पोखरेल अहिलेको मन्त्रिपरिषद् असमावेशी हुनुका तीन वटा कारण देख्छन् । पहिलो, नेताहरूमा समावेशी मानसिकता छैन । दोस्रो, दलभित्रै समावेशिताको दबाब दिन पुगेको छैन । तेस्रो हो, भागबन्डाको राजनीतिको प्रभाव ।

उनी राजनीतिक दलहरू समावेशी व्यवस्थाको विषयमा गम्भीर नभएको आरोप लगाउँछन् । महिला दुई जना मात्रै छन् । दलित र मुस्लिमको उपस्थिति छैन- पोखरेल भन्छन्- यसविरुद्ध त कसैले अदालतमा रिट हालेर आदेश दिएपछि मात्रै नेतृत्वको घैंटोमा घाम लाग्ने देखियो ।

### प्रधानमन्त्रीको तलब-सुविधा कति हुन्छ ?

प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा छ भने सरकारी आवास बालुवाटारमा छ । बालुवाटारमा प्रधानमन्त्रीका परिवार र सहयोगीहरू पनि बस्न पाउँछन् ।

कार्य सञ्चालन निर्देशिका-२०७७ (आठौं संस्करण) अनुसार प्रधानमन्त्रीको मासिक पारिश्रमिक ७७,२८० रुपैयाँ हुन्छ । त्यसमा २,००० रुपैयाँ महँगी भत्ता थपिन्छ । उनलाई सञ्चार सुविधाबापत ५,००० रुपैयाँ र मासिक मसलन्द तथा अतिथि सत्कारबापत १०,००० रुपैयाँ तोकिएको छ ।

देशभित्र यात्राका क्रममा प्रधानमन्त्रीको दैनिक भ्रमण भत्ता ३,००० रुपैयाँ तोकिएको छ । प्रधानमन्त्रीले आफ्नो सचिवालयमा ६५,१४० रुपैयाँ मासिक पारिश्रमिक दिने गरी एक जना प्रमुख स्वकीय सचिव राख्न पाउँछन् ।

त्यसबाहेक एक जना स्वकीय सचिव, तीन जना सहस्वकीय सचिव, छजना उपस्वकीय सचिव र पाँच जना स्वकीय अधिकृत नियुक्त गर्न पाउँछन् । अन्य केही अधिकृत, चालक र कार्यालय सहयोगीसहित प्रधानमन्त्रीले आफ्नो सचिवालयमा बढीमा ३४ जना नियुक्त गर्न सक्छन् । प्रधानमन्त्रीलाई मासिक ३०६ लिटर पेट्रोल र वार्षिक ४० लिटर मोबिल सुविधा उपलब्ध हुन्छ ।

## अर्जुनधारामा सार्वजनिक सुनुवाई

**अर्जुनधारा, असार ३१।** झापाको अर्जुनधारा नगरपालिकामा सार्वजनिक सुनवाई भएको छ ।

अर्जुनधारा नगरको आयोजना र भिन्न मिडिया एण्ड रिसर्च प्रालिको संयोजन तथा सहजीकरणमा सार्वजनिक सुनुवाई भएको हो । सार्वजनिक सुनुवाईमा नगर क्षेत्रमा भए गरेका विकास, योजना, सेवा सुविधाका विषयमा सहभागीले प्रश्न गरेका थिए ।

अविरल वर्षका कारण विरीङ खोलामा आएको बाढीले अर्जुनधारा-खुदुनाबारी सडकखण्डको सडक र पुलमा क्षति गर्दा आवातजावतमा समस्या भएको अर्जुनधारा-२का मुकुन्द भण्डारीले गुनासो गरे । यो सँगै वडा तथा नगरका जनप्रतिनिधि र कर्मचारीले सेवा प्रवाहमा ध्यान नदिएको उनले बताए ।

त्यस्तै, अर्जुनधारा-१०का यज्ञबहादुर कडरियाले बुट्टाबारी-सालबारी-चिसापानी-कालिस्थान सडक खण्डको स्तरोन्नति गर्न माग गरे । यस्तै, अर्जुनधारा-११का दीपक



खड्काले लेखनदासको विषयमा जिज्ञासा राखेका थिए ।

सार्वजनिक सुनवाईमा पत्रकार पुष्प बरालले आम नागरिकको उपस्थिति न्यून रहेकाले सुधार गर्न सुझाव दिए । अर्का पत्रकार रमेश समदर्शी राईले संयोजनकर्ताले तयार पारेको प्रतिवेदनको शृब्यदृष्यसहितको रिपोर्ट भए अझ राम्रो हुने बताए ।

अर्जुनधारा नगरपालिका नगरप्रमुख बलदेवसिंह गोम्देन तामाङले जिज्ञासाको जवाफ दिँदै आफूलाई सुझाव, प्रश्न गर्ने मानिस आफ्नो शुभचिन्तक भएको बताए । उनले वास्तविकता नबुझ्दा र गलत कुरा बाहिर आउँदा नगरबासीमा अन्योल भएको बताए । विकास निर्माणमा आफूहरु प्रतिबद्ध भएको बताउँदै उनले नगरबासी प्रति आफूहरु जवाफदेही भएको बताए । खुदुनाबारी-अर्जुनधारा सडक खण्ड चाँडै निर्माण हुने नगर प्रमुख बलदेवले आश्वसन दिए ।

कार्यक्रममा उपप्रमुख खड्गमाया पराजुलीले आफू सदैव नगरबासीको साथ रहेको बताइन् । उनले चुनावमा गरेका बाचालाई पूरा गर्न आफूहरु प्रतिबद्ध रहेको बताइन् । प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमालले नगरबाट प्रवाह गरिने सेवा चुस्तदुरुस्त बनाउने प्रतिबद्धता जनाए । केही ठाउँमा कमजोरी भए त्यसलाई सुधार गरिने आश्वास दिए । कानून व्यवसायी बिमल दाहालले प्रतिवेदन प्रस्तुत र सहजीकरण गरेको कार्यक्रमको सञ्चालन अमर देवानले गरेका थिए ।

## पैसा सापटी मागदा...

**सिन्धुली, असार ३१।** घ्याङ्लेख गाउँपालिका-२ चालिसेबगर बस्ने ३० वर्षीय टिका बहादुर बुढाथोकीको हत्या गरेको अभियोगमा दुई जनालाई आइतबार राति प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २६ वर्षीय आशमान वाईबा र ३८ वर्षीय भुन्टे भन्ने ज्ञान बहादुर वाईबा रहेका छन् । टीका बहादुरसँग सापटी पैसा मागेको विषयलाई लिएर उनीहरूले सोही ठाउँस्थित मिलनचोकमा काठको चिर्पटले प्रहार गर्दा टीकाबहादुर गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बस्तीपुरबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो । टीकाबहादुरको बस्तिपुर स्वास्थ्य चौकी हायुटार हुँदै जिल्ला अस्पताल सिन्धुलीमा थप उपचारको क्रममा मृत्यु भएको थियो ।

## कृषिमन्त्री मन्त्रालय छिर्नै पाएनन्



**काठमाडौं, असार ३१।** सिंहदरबारमा नयाँ मन्त्रीको स्वागत चलिरहँदा कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारी भने मन्त्रालयभित्रै नपसी फर्किएका छन् । अन्य मन्त्रालयमा मन्त्रीको स्वागतका लागि कर्मचारी पुष्पगुच्छासहित लाइन लागेर बसिरहेका बेला मन्त्री अधिकारी भने कर्मचारी आन्दोलनका कारण रोकिएका हुन् ।

त्यहाँ सुरक्षाकर्मी समेत परिचालन गरिएको थियो । उनले केहीबेर कर्मचारीको कुरा सुने । र, प्रधानमन्त्री कार्यालयतर्फ लागे । यस मन्त्रालयका राजपत्रांकित तेस्रो श्रेणीका प्राविधिक मूलगेटमै धर्ना बसेका छन् ।

कृषि मन्त्रालयमा समायोजन भएका राजपत्रांकित तेस्रो श्रेणीका प्राविधिक कर्मचारीहरूले आफ्नो वृत्ति विकास रोकिएकोले वृत्ति विकाससहितको दरबन्दी यकिन गर्न दबाब दिँदै आन्दोलन जारी नै राखेका छन् ।

२०७५ सालमा सरकारले समायोजन अध्यादेश ऐनमार्फत समायोजन गरेपछि संघमा समायोजित भए पनि विभिन्न बहानामा आफूहरूको वृत्ति विकासका लागि नियमित रुपमा लोक सेवा नखोलिएको र ओएनएम पनि नभएको आन्दोलित कर्मचारीको भनाइ छ ।

संघमा समायोजन भएका कृषि सेवा अन्तर्गत कृषितर्फका पुल दरबन्दीमा रहेको तीन सय २८ जना समेतको स्थायी दरबन्दी कायम गरी रिक्त पदमा नियमित पदपूर्ति गर्न उनीहरूको माग छ ।

## खादा माला नलगाउने स्वास्थ्यमन्त्रीको घोषणा



**काठमाडौं, असार ३१।** नवनियुक्त स्वास्थ्यमन्त्री प्रदीप पौडेलले फूलमाला र खादा लगाउन अस्वीकार गरेका छन् । मन्त्रालयमा कर्मचारीले उनको स्वागतमा सबै तयारी गरे पनि उनले मानेनन् ।

नेपाली कांग्रेसका युवा नेता पौडेल पहिलोपटक सरकारमा गएका हुन् । उनी काठमाडौं ५बाट प्रतिनिधिसभामा निर्वाचित सांसद हुन् । उनले स्वास्थ्य मन्त्रालयमा रहेर काम गरेर देखाउन नसकेसम्म कतै पनि माला र खादा नलगाउने घोषणा गरेका छन् ।

## नागरिकता नहुँदा ७३ बर्षीया तुलसालाई जीवनयापनमा सकस



**बिनोद पाण्डे**

**चारपाने, असार ३१।** झापा कनकाई-१ प्रजापतिकी ७३ वर्षीय तुलसा अधिकारीको नागरिकता नहुँदा जीवनयापनमा समस्या आएको छ ।

नागरिकता नभएका कारण विद्युत् लाइन जडान गर्न नपाएको, सामाजिक सुरक्षा भत्ता लिनबाट बञ्चित हुनु परेको भन्दै तुलसा अधिकारीले दुःखेसो पोखेकी छन् । तुलसाकै उमेर समूहका नागरिकहरू हातमा सामाजिक सुरक्षा भत्ता कार्ड बोकेर बैंक तिर धाएको देख्दा आमैको मन कुँडिने गरेको छ, कहिले रुँदै गरेको देख्छु, सहारा विहीनको लागि बोलिदिने गरिदिने कोही विधाता कहिले आइपुग्लान् भन्दै तुलसाले हरेक दिन भगवान पुकार गर्ने गरेको छिमेकी दीपक घिमिरेले बताए ।

तुलसाका छोराको भने बसोबासको आधारमा नागरिकता बनेको छ । छोरा मुद्दा मामिलाको कारण हाल जेलमा रहेका छन् । नागरिकता भएको छोरा जेलमा पर्नु र आफ्नो नागरिकता नहुँदा बिजुली मिटर समेत जडान गर्न नपाइएको तुलसाको भनाइ छ ।

उता उज्यालो नगर घोषणाको तयारीमा रहेको कनकाई नगरपालिकाका नागरिकको घरमा विद्युत् मिटर नै जडान हुन सकेको छैन त भनेर वडाध्यक्ष सुशील पोखरेललाई राखेको प्रश्नमा, वडाध्यक्ष पोखरेलले मिटर जडानको लागि प्रक्रिया अघि बढेको र केही दिनमै तुलसा अधिकारीको घरमा मिटर जडान गराउने पोखरेलले प्रतिवद्धता जनाएका छन् ।

संविधानको धारा १०मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नगरिने सुनिश्चितता प्रदान गरिएको छ । तर, झापा त्यसमा पनि शिक्षा र न्यायको हिसाबले अग्रणी नगरपालिकाको रुपमा चिनिएको कनकाई नगरपालिकामा एक ज्येष्ठ महिलाले नागरिकता नभएकै कारण जीवनयापनमा भोग्नु परेको कठिन विषयलाई स्थानीय सरकारले सामान्य रुपमा लिनुनहुने ज्येष्ठ महिला तुलसा अधिकारीकी छोरी गोमा अधिकारीको भनाइ छ । उनले भनिन्- 'हरेक चुनाबको बेला आमाको नागरिकता बन्नुपर्छ बन्छ भन्दै घरदैलोमा नेताहरू आउने गरेको तर चुनाव सकिएपछि नेताहरू सम्पर्कविहीन बन्ने गरेका छन् । आमाको नागरिकताका लागि सिफारिस गरिदिन वडाध्यक्ष र मेयरलाई आग्रह गरेको, आग्रहमा हुन्छ भइहाल्छ भन्ने जवाफ पाउने गरेको तर नागरिकता बनाइदिन किन हो आलटाल भइरहेको छ ?'

यस विषयमा तुलसाको नागरिकताका लागि किन सिफारिस नभएको भनेर वडाध्यक्ष पोखरेललाई प्रश्न राख्दा तुलसाको नागरिकताको लागि सनाखत गर्ने मान्छे नभएकोले फिफारिस गर्न नसकिएको हो, जिल्ला प्रशासन कार्यालयबाट सिफारिस पठाउँदा हुन्छ भन्ने कुरा आयो भने तत्काल सिफारिस पठाउने व्यवस्था मिलाउने पाखेरेलको जवाफ रहेको छ ।

बनेपा धुलीखेलमा जन्मिएकी तुलसाको बाल्य अवस्था अभिभावकविहीनतामै बित्यो, उमेर पुगेपछि त्यस्तै अभिभावक विहीन चन्द्रप्रसाद अधिकारीसँग विवाह गरेर केही समय भारतको असाममा जीवनयापन गरेर २०५० साल आजभन्दा ३१ बर्ष अगाडि साविक सुरुङ्गा गाविस-१ (हाल कनकाई-१) प्रजापतिमा बसोबास गर्दै आएकी तुलसा, छोराको नाममा जंगलको छेउमा रहेको ५ कठ्ठा जमिनमा सानो घरमा बसोबास गर्दै आएकी छन् । उक्त घर सामुदायिक वनले बनाई दिएको हो ।

संविधानले नागरिकता दिने सुनिश्चितता गरे पनि धेरै नागरिकहरुमा नागरिकता लिनुपर्छ भन्ने चेनताको कमी र घर व्यवहारमा महिलाको अग्रसरता न्यून हुने गरेको पुरानो अभ्यासका कारण हाल धेरै ज्येष्ठ महिलाहरु नागरिकता प्रयोग गर्नबाट बञ्चित बनेको अवस्था रहेको छ ।

विगत दुई दशक अघिसम्म सामाजिक, राजनीतिक र व्यवहारिक हक अधिकार प्राप्तिमा पुरुषहरु नै अगाडि थिए । सबै कामकाज पुरुष (श्रीमान) ले गर्ने हुँदा महिला

*(बाँकी अन्तिम पृष्ठमा)*

## मनकामना केबुलकार ५० दिन बन्द हुने



**चितवन, असार ३१।** मनकामना केबुलकार ५० दिन बन्द हुने भएको छ।

केबुलकारको 'डिजिटल सिस्टम' स्तरोन्नति गर्न केबुलकार बन्द हुने मनकामना दर्शन प्रालिले जनाएको छ। 'एनालग' प्रविधिमा रहेको केबुलकारलाई अत्याधुनिक डिजिटल सिस्टममा स्तरोन्नति गर्न लागिएको मनकामना दर्शन प्रालिका नायव महाप्रबन्धक उज्ज्वल शेरचनले जानकारी दिए। उनका अनुसार डिजिटल सिस्टममा स्तरोन्नतिका साथै मुख्य तारको लट्ठासमेत फेर्न लागिएको हो। स्थापनाको २६ वर्षमा मुख्य केबल तार लट्ठा फेर्न लागिएको जनाइएको छ।

यसका दक्ष प्राविधिक अष्ट्रियाको डोप्पलमेयर कम्पनीबाट आएका छन्। मनकामना केबुलकारको विभिन्न चरणमा स्तरोन्नतिको काम भइरहेको छ। गोरखाको सहिद लखन गाउँपालिकास्थित धार्मिकस्थल मनकामना मन्दिर जाने दर्शनार्थीलाई सहजताका लागि वि.सं. २०५५ मंसीर ८ गतेदेखि केबलकार सञ्चालनमा ल्याइएको हो।

केबुलकार सेवा बन्द रहे पनि उक्त अवधिभर चितवनको इच्छाकामना-४ कुरिनटार (चेरेस) स्थित केबुलकारको प्रवेशद्वार (बटम स्टेसन) मा रहेको रेष्टुराँ सेवा भने निरन्तर रहने मनकामना दर्शन प्रालिले जनाएको छ।

## पहेंलो धातुसहित भारतीय नागरिक पक्राउ

**काठमाडौं, असार ३१।** भन्सार छली गरेको सुन जस्तो देखिने पहेंलो धातुसहित भारतीय नागरिक ४१ वर्षीय दीपक जयरामदास घिण्डलाई प्रहरीले पक्राउ गरेको छ।

एयर अरेबियाको उडानद्वारा सार्जाहाबाट काठमाडौं आएका उनलाई त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार चेकिङ एरियामा जाँच गर्ने क्रममा ९९ ग्राम ४१ मिलिग्राम तौलको सुन जस्तो देखिने पहेंलो धातुको सिक्री १ थान, बाला २ थान, मोबाइल ४ थान र ल्यापटप ४ थानसहित पक्राउ गरेको हो।

# 'कैदीबन्दीले उपचारका अभावमा ज्यान गुमाउनुपर्दैन'

**काठमाडौं, असार ३१।** कारागार व्यवस्थापन विभाग, केन्द्रीय कारागार अस्पतालले कैदीबन्दीले उपचारका अभावमा अकालमा ज्यान गुमाउन नपरोस् भन्ने ध्येयले स्वास्थ्य सेवा प्रवाहलाई थप सुदृढ एवम् चुस्त बनाएको छ।

यसका लागि अस्पतालले विशिष्टिकृत तथा अतिआवश्यक स्वास्थ्योपचार सेवा आवश्यक पर्ने कैदीबन्दीलाई सरकारी तथा निजी अस्पतालसँग सम्झौता गरेर स्वास्थ्य सेवा चुस्त बनाएको हो। काठमाडौँ उपत्यकाभित्रका विभिन्न २३ स्वास्थ्य सेवासँग सम्बन्धित संस्थालाई प्रेषण (रिफरल) अस्पताल निर्धारण गरी कैदीबन्दीको उपचारमा प्राथमिकता दिएको हो।

कारागार अस्पतालका प्रमुख डा. प्रकाश बुढाथोकीले भने- विशिष्टिकृत तथा अतिआवश्यक स्वास्थ्योपचार सेवा आवश्यक पर्ने कैदीबन्दीलाई विभिन्न २३ सरकारी तथा निजी अस्पतालसँग सम्झौता गरेर स्वास्थ्य सेवालाई चुस्त बनाइएको छ। यसबाट कैदीबन्दीले उपचारका अभावमा अकालमा ज्यान गुमाउनु नपर्ने अवस्था सिर्जना भएको छ।

उहाँका अनुसार पहिलो प्रेषण गर्ने अस्पतालमा वीर अस्पताल, नेपाल आँखा अस्पताल, शहीद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र, कान्तिबाल अस्पताल, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल, ट्रमा सेन्टर, शुक्रराज ट्रपिकल तथा सरुवा रोग नियन्त्रण अस्पताल, मानसिक अस्पताल, भक्तपुर क्यान्सर अस्पताल केन्द्रीय रक्तसञ्चार सेवा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, सहिद धर्मभक्त मानव अङ्ग प्रत्यारोपण केन्द्र, राष्ट्रिय मृगौला उपचार केन्द्र र आयुर्वेद चिकित्सालय रहेका छन्।

ती अस्पतालमा शैयया (बेड) खाली नभएमा अथवा थप विशिष्टकृत सेवा उपलब्ध नभएमा अस्पतालले दोस्रो चरणमा प्रेषण गर्नुपरेमा मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, नेसनल रेफरेन्स ल्याबोरेटरी, आनन्दवन अस्पताल, बीपी कोइराला लाइन्स आँखा उपचार केन्द्रलाई तोकिएको छ। ती अस्पतालबाट पनि प्रेषण गर्नुपरेमा अन्तिममा बीपी स्मृति अस्पताल, सुमेरु अस्पताल, स्पाइनल इन्ज्युरी रिहेविलिटेशन सेन्टर र अर्थोपेडिक अस्पताललाई तय गरिएको छ।

यसैबीच केन्द्रीय कारागार अस्पतालले आफूसँग सम्झौता गरेका स्वास्थ्य संस्थाका प्रतिनिधिसँग कैदीबन्दीको उपचार सेवालाई अझ थप कसरी व्यवस्थित र चुस्त बनाउन सकिन्छ भनेर अन्तर्क्रिया गरेको छ। सो अवसरमा केन्द्रीय कारागार अस्पतालका प्रमुख बुढाथोकीले कैदीबन्दीको उपचारका क्रममा समस्या आएमा तत्काल जानकारी दिन आग्रह गर्दै आगामी दिनमा यस्ता उपचार सेवालाई थप सुदृढ बनाइने जानकारी दिए।

सो अवसरमा सहभागीले कैदीबन्दीको उपचारका क्रममा आइपरेका विभिन्न समस्याका बारेमा ध्यानाकर्षण गराएका थिए। देशका ७२ जिल्लामा ७५ कारागार र दुई सय सुधारगृह रहेका छन्। यस्ता स्थानमा २९ हजारभन्दा बढी कैदीबन्दी रहेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता समेत रहेका डा. बुढाथोकीका अनुसार अधिकांश कैदीबन्दीमा रक्तचाप, मधुमेह, कोलस्टोर, मानसिक समस्या, हाडजोर्नी, नाक, कान घाँटीका समस्या रहेका छन्। कैदीबन्दीमध्ये १० जना क्यान्सर र नौजना मिर्गौलाका बिरामी रहेका छन्। ती मृगौलाका बिरामीले डायलासिल सेवा लिइरहेका छन्।

## चीनको कूल गार्हस्थ उत्पादन ५%ले वृद्धि

**काठमाडौं, असार ३१।** चीनको कूल गार्हस्थ उत्पादन (जीडीपी) सन् २०२४ को पहिलो अर्धवार्षिकमा ५प्रतिशतले वृद्धि भएको सोमबार सार्वजनिक राष्ट्रिय तथ्याङ्क ब्यूरो ( एनबीएस) को तथ्याङ्कले देखाएको छ।

चीनको जीडीपी पहिलो अर्धवार्षिक अवधिमा ६१.६८ ट्रिलियन युआन अर्थात् करिब ८.६५ ट्रिलियन अमेरिकी डलर पुगेको एनबीएसको तथ्याङ्कले देखाएको छ।

एनबीएसका अनुसार दोस्रो त्रैमासिकमा, देशको जीडीपी वार्षिक ४.७ प्रतिशतले बढेको छ। समग्रमा, राष्ट्रिय अर्थतन्त्र पहिलो अर्धवार्षिकमा स्थिर रहेकोजनाउँदै नीतिगत प्रोत्साहन, बाह्य मागमा पुनरुत्थान र नयाँ गुणस्तरको उत्पादक शक्तिको विकासलाई उद्धृत गर्दै विज्ञप्तिमा उल्लेख गरेको छ।

एनबीएसका अनुसार दोस्रो उद्योगले पहिलो अर्धवार्षिकमा वर्षमा ५.८ प्रतिशत प्राथमिक उद्योगमा ३.५ प्रतिशत र सेवा क्षेत्रमा ४.६ प्रतिशतले वृद्धि भएको छ। दोस्रो त्रैमासिकमा भने चीनको अर्थतन्त्र ०.७ प्रतिशतले बढेको छ।

# गहुँतबाट मल र जैविक विषादि

**झापा, असार ३१।** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारको बिरौटाका किसानले गहुँतलाई मल र जैविक विषादिको रुपमा प्रयोग गरेका छन्। धौलागिरि बहुउद्देश्यीय कृषि तथा पशुपक्षी फार्ममा पालिएका गाईभैंसीको गहुँतबाट मल र जैविक विषादी बनाइ प्रयोग गरिएको हो। फार्म सञ्चालक शिव खड्काले गहुँतको सदुपयोग गरिएको बताए।

२४ वटा गाईभैंसीको गहुँत पोखरीमा सङ्कलन गरी पानी मिसाएर पाइपमार्फत पाखोबारीको सुन्तला बगैंचामा लगेका छौं- उनले भने- सुन्तलाका बिरुवाका लागि मल किन्न परेको छैन। गहुँतको सदुपयोगले जैविक विषादिको काम गरेकाले दोहोरो फाइदा पुगेको उनको भनाइ छ।

शिव र उनका दाजु कृष्णबहादुरले सञ्चालन गरेको कृषि फार्ममा दूध उत्पादनका साथै च्याउ, सुन्तला र कागती खेती छ। विदेशको जागिर र सदरमुकाम बेनीको व्यवसाय छाडेर गाउँ फर्केका खड्का दाजुभाइले बाँझो पाखोबारीमा चार सय बोट सुन्तला र एक सय बोट कागती लगाएका छन्।

गाईभैंसीको दूधबाट आम्दानी गरिरहनुभएका उनीहरुले मल र गहुँत सदुपयोग गरी खर्च बचाएका छन्। पानी मिसाएर पाइपबाट बिरुवाको फेदमा सिँचाई गर्दा गहुँतले आवश्यक पौष्टिकतत्व आपूर्ति भई छिटो हुर्किएको र रोगकीराको समस्या नदेखिएको उनीहरुको अनुभव छ।

सुन्तला बगैंचाको खाली ठाउँमा लगाइएको सुडान, मकैचरी, सुपर नेपिएर, नेपिएर जातका घाँस छिटो हुर्किएको छ- उनले भने- सुन्तला, घाँस, च्याउखेती र गाईभैंसीपालनका लागि गाउँपालिका र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले सहयोग गरेको छ।

परियोजनाले कृषि तथा पशुपक्षी उद्यमशीलता विकास कार्यक्रममार्फत फार्मको क्षमता विकास गरी सुधारिएको गोठ निर्माण गर्न चालूआर्थिक वर्षमा रु. चार लाख, अन्नपूर्ण गाउँपालिकाले च्याउ खेतीका लागि प्लास्टिक घर बनाउन अनुदान र निःशुल्क घाँसको बीउ उपलब्ध गराएको छ। खड्का दाजुभाइले सुन्तला खेतीमा गरेको गहुँतको प्रयोग नयाँ भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कृषि अधिकृत विक्रम बस्यालले बताए।

गहुँतमा गोबर मलको तुलनामा नाइट्रोजन, फस्फोरसलगायत तत्व बढी पाइने भएकाले सदुपयोग गर्न सकेमा राम्रो लाभ लिन सकिन्छ- उनले भने- सिधैं प्रयोग गर्दा बिरुवा हस्किएर क्षति हुन सक्छ। पानीमा मिसाएर ठिक्क मात्रामा प्रयोग गर्दा राम्रो हुन्छ।

दैनिक एक सय ४० लिटर दूध उत्पादन हुने फार्ममा खड्का परिवारका छ सदस्य स्वरोजगार बन्नुका साथै थप दुईले रोजगार पाएका छन्। बिरौटाका अन्य किसानले उत्पादन गरेको दूध बजारीकरण गर्न खड्का दाजुभाइले गाउँपालिकाको केन्द्र पोखरेबगरमा डेरी सञ्चान गरेका छन्।

पोखरेबगर, भुरुङ-तातोपानी, नारच्याङका साथै बेनी बजारमा दूध बिक्री हुने गरेको छ। अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले अन्नपूर्णको घराम्दी, राम्चे, नागी, खिवाङलगायत ठाउँका किसानले गाईभैंसीको गहुँतको सदुपयोग गरेको जानकारी दिए। किसानले उत्पादन गरेको कृषि उपज बजारीकरणका लागि कृषि एम्बुलेन्स सञ्चालनको तयारी गरेको उनले बताए।

# कोपा अर्जेन्टिनालाई, यूरो स्पेनलाई

कोपा अमेरिका कपको उपाधि अर्जेन्टिनाले जितेको छ। अमेरिकाको मियामीस्थित हार्ड रक स्टेडियममा भएको फाइनल खेलको १११ मिनेटमा अर्जेन्टिनाले कोलम्यिबाविरुद्ध गरेको गोल अर्जेन्टिनाको जितका लागि निर्णायक भएको हो।






यो गोलसँगै अर्जेन्टिनाले कोपा अमेरिकाको उपाधि १६ पटक उचालेको छ। निर्धारित ९० मिनेटको समयभित्र अर्जेन्टिना र कोलम्बियाले गोलरहीत बराबरी खेलेपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो। अर्जेन्टिनाका लागि लाउटारो मार्टिनेजले गोल गरेका हुन्।

अर्जेन्टिनाले उपाधि उचालेको खेलमा कप्तान लियोनल मेसीले दोस्रो हाफको ६५ मिनेटमा मैदान छोडेका थिए। अर्जेन्टिना साविक विजेता हो।

कोलम्बियाको अपराजित यात्रामा अर्जेन्टिना बाधक बनेको हो। कोलम्बिया अन्तिम पटक सन् २०२२ मा भएको विश्वकप २०२२ को छनौटमा अर्जेन्टिनासँग १-० ले पराजित भएको थियो भने त्यसयताका सबै २८ खेल जितेको थियो।

त्यसैगरी, बर्लिनमा भएको यूरो कप फाइनल खेलमा स्पेनले इङ्ल्याण्डविरूद्ध २ : १ गोल गर्दै उपाधि जितेको छ। स्पेनले युरो कप २०२४ को उपाधि जितेको हो। दोस्रो हाफको सुरुवातमै स्पेनले गोल गर्दै खेलमा सुरुवाती अग्रता लिएको थियो। स्पेनका लागि लामिन यमालको पासमा निको विलियम्सले पहिलो गाले गर्दै खेलमा स्पेनले अग्रता लिएको थियो।

खेलको ७३औं मिनेटमा इङ्ल्यान्डले गोल गरी खेललाई बराबरीमा फर्काएको थियो। इङ्ल्याण्डका कोल पालमरले खेलको दोस्रो हाफमा प्रवेश गरेको तीन मिनेटमा नै लामो दुरीबाट उत्कृष्ट गोल गर्न सफल भएका थिए।

तर ८६औं मिनेटमा स्पेनले विजयी गोल गर्‍यो। मार्क कुकुरेलाको क्रसमा मिकेल ओयारजाबालले गोल गर्दै स्पेनलाई जित दिलाए। स्पेनको यो चौथो युरो उपाधि हो। इङ्ल्यान्ड भने लगातार दोस्रोपटक पनि युरो कप फाइनलमा पराजित भएको छ। इङ्ल्यान्डले युरो कप उपाधि जित्न सकेको छैन।

तर ८६औं मिनेटमा स्पेनले विजयी गोल गर्‍यो। मार्क कुकुरेलाको क्रसमा मिकेल ओयारजाबालले गोल गर्दै स्पेनलाई जित दिलाएका हुन्। स्पेनको यो चौथो युरो उपाधि हो। युरो कप उपाधि जित्न नसकेको इङ्ल्यान्ड लगातार दोस्रो पटक युरो कप फाइनलमा पराजित भएको छ।

# मंसीर ७मा 'तेल भिसा'

कुनै बेला 'विष', 'विरताको चीनो', 'ब्रेकफेल' र 'तुलसी' गरी चार फिल्म बनाएका शंकर घिमिरेले १२ वर्षपछि निर्देशनमा पुनरागमन गरेको फिल्म 'तेल भिसा'को प्रदर्शन मिति हेरफेर भएको छ।

यसअघि भदौ २९ गते आउने निश्चित भएको यो फिल्म अब आगामी मंसीर ७ गतेदेखि प्रदर्शन हुनेछ। आइतबार 'क्यारेक्टर पोस्टर' सार्वजनिक गर्दै फिल्मको नयाँ प्रदर्शन मिति घोषणा गरिएको हो।

पोस्टरमा अभिनेता विपिन कार्की दोहोरो भूमिकामा छन्। वृद्ध र जवान गरी दुई लुक्समा देखिएका उनी बाबु र छोराको भूमिकामा हुनसक्ने अनुमान गर्न सकिन्छ। उनीसँगै अभिनेत्री वर्षा राउत गम्भीर भावमा प्रस्तुत छिन्। पोस्टरको तल्लो भागमा भने अभिनेत्री पूजा चन्द अमेरिकी प्रहरीको साथमा हतकडीसहित देखिएकी छन्। र, उनको साथमा अभिनेत्री ऋचा घिमिरे पनि देखिएकी छन्।

फिल्मको ७० प्रतिशत छायांकन गत बैशाख र जेठमा अमेरिकामा भइसकेका छ। अब बाँकी प्रतिशत छायांकन सोमबारदेखि पूर्वी चितवनमा शुरु गरिएको छ। बुद्धि तामाङको पनि विशेष भूमिका रहेको फिल्मको एक गीतमा अभिनेता सुशील क्षेत्रीले नृत्य गरेका छन्। तेल भिसामा आफ्ना आमा-बुबालाई अमेरिका बोलाउने सन्तानको कथा यो फिल्मले उठाएको हुनसक्ने शीर्षकले बुझाउँछ।




वेलडन क्रियसनको ब्यानरमा ऋचा घिमिरेको प्रस्तुति रहेको फिल्ममा अनिल पाण्डे र शिवराज कार्कीको संयुक्त लगानी छ। प्रिन्स युवराज कार्की र श्रृति दाहाल कार्यकारी निर्माता रहेको फिल्ममा सुशन प्रजापतिको छायांकन छ भने रामजी लामिछाने र शिशिर खातीको नृत्य निर्देशन एवम् आशिष अविरल, कल्याण सिंह र कृष्ण भारद्वाजको संगीत रहनेछ। अजय खड्काले सम्पादन गर्नेछन्।

# 'घरज्वाइँ'ले २ दिनमै कमायो डेढ करोड

सुपरहिट जोडी दयाहाङ राई र मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म 'घरज्वाइँ'को दुई दिनको कलेक्सन रिपोर्ट सार्वजनिक गरिएको छ।



निर्माण कम्पनी जिएम मुभी प्रोडक्सनले आइतबार एक पोस्टरमार्फत् दुई दिन (शुक्रबार र शनिबार)मा १ करोड ५१ लाख ग्रस व्यापार भएको दावी गरेको छ। यसमा काठमाडौं तथा उपत्यकाबाहिरको कति योगदान छ, त्यो भने खुलाइएको छैन।

चलचित्र विकास बोर्डले बक्स अफिसको रिपोर्ट सार्वजनिक नगरेकाले 'घरज्वाइँ'को कलेक्सन पुष्टि हुने आधार देखिँदैन। निर्माताले वितरकबाट प्राप्त आँकडा सार्वजनिक गरेका हुन्। यद्यपि, दुई दिन फिल्मको व्यापार राम्रो थियो। अझ शुक्रबारभन्दा शनिबारको व्यापारमा उल्लेख्य वृद्धि देखियो। आइतबार पनि देशभरका हलमा राम्रो अकुपन्सी रहेको वितरक रोहित कट्टेलले बताएका छन्।

फिल्मप्रति आदिवासी जनजाति समुदायको आकर्षण बढी देखिएको छ। यो स्वभाविक पनि हो। किनकि, यही समुदायको कथामा फिल्म आधारित छ। र, कलाकारहरु पनि अधिकांश यही पृष्ठभूमिका छ। मगर समुदायमा वर्षौंदेखि प्रचलित घरज्वाइँ संस्कृतिको कथामा आधारित भएर फिल्म बनेकाले यो समुदायले अपनत्व महसुस गरेको देखिन्छ। फिल्मका लागि यो सफलताको लक्षण हो।

अनिल बुढा मगरको डेब्यु निर्देशनमा तयार भएको फिल्मलाई जनक घर्ती मगरले निर्माण गरेका हुन्। सुशन प्रजापतिको छायांकन रहेको फिल्ममा दयाहाङ र मिरुनासहित बुद्धि तामाङ, पुष्कर गुरुङ, शिशिर बाङ्देल, भोलाराज सापकोटा, कविता आले, शिला आले, खड्कबहादुर पुन (खबपु), राज थापा, अनु थापा, विना थापामगर, सोनाम लामा, सुनिल मगर लगायतको पनि अभिनय छ।

### नागरिकता ...

(श्रीमती) को नागरिकताको आवश्यकता पनि कम हुने गरेको थियो। तिनै कारणले गर्दा जानेर/नजानेर कयौं महिलाहरुले नागरिकता बनाएनन्, उनीहरुका श्रीमान, अभिभावकहरुले पनि नागरिकता बनाई दिएनन्। यस विषयमा तत्कालीन सरकारको पनि ध्यान पुग्न सकेन।

संविधानको मर्मलाई कार्यान्वयन गर्दै नागरिकहरुको मौलिक हक अधिकारको रक्षाका लागि सरकारले विभिन्न कार्यक्रम, सुविधाहरु ल्याएपछि यतिबेला नभई नहुने कागजात बन्न पुगेको छ नागरिकता। हिजोको दिनमा नागरिकता नलिने नागरिकहरू कतिपयले जन्मको ५० वर्ष पछाडि कानूनी मान्यताको आधारमा नागरिकता बनाएका छन्। चेतनाको कमी, आर्थिक, सामाजिक रुपमा पहुँच नभएका अभिभावकविहीनहरुको नागरिकता भने बन्न सकेको छैन। यस्तै पहुँच नपुगेको कारण कनकाईकी तुलसा अधिकारी ७ दशक उमेर पार गर्दा पनि आफ्नै देशमा अनागरिक बनेर बस्नु परेको अवस्था छ।


भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

## विद्युतीय बोलपत्र (E–Bid) आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०८१।०३।३१**

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका दर्ताको प्रमाण-पत्र सामानहरु यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा. कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व. ०७९।०८० सम्मको कर चुक्ता प्रमाण-पत्र तथा निर्माण कम्पनीको आधिकारिक प्रमाण-पत्रसहित विद्युतीय माध्यमवाट बोलपत्र पेश गर्न ३० (तीस) दिने सूचना प्रकाशित गरिएकोले तपसिलको शर्तहरुको अधिनमा रही विद्युतीय बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| क्र.सं. | सामानको विवरण | इकाई | परिमाण | धरौटी रकम रु. |
|---|---|---|---|---|
| १ | सडक बत्ती प्रयोग हुने विद्युतीय सामग्रीहरु (एल.ई.डी. बल) मात्र | थान | ७००० | १,०२,०००।०० |
| २ | सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामागीहरु (स्ट्रिट लाइट ५० बाट सेन्सरसहित) | सेट | ३०० | |

१) **बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :–** २०८१/०४/३० गते दिनको १२:०० बजे समयसम्म, रु. ३,०००/– तीन हजार मात्र (फिर्ता नहुने गरी)। विद्युतीय बोल-पत्र दाखिला गर्दा यस न.पा. कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको नं. २२१०१००३०१०१०००३ (कार्यालय कोड नं. ८०१०१११२) मा रु. ३,०००/– जम्मा भएको बैंक भौचर दाखिला गरी खरिद गनुपर्नेछ।
२) **बोलपत्र फाराम दाखिला गर्ने मिति, समय :** २०८१।०४।३० गते दिनको १२.०० बजेसम्म।
३) **बोलपत्र फाराम खोल्ने मिति, समय :–** २०८१।०४।३० गते दिनको १.०० बजेपछि, भद्रपुर न.पा. कार्यालयमा।
४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ।
५) विस्तृत जानकारीका लागि न.पा. कार्यालयको जिन्सी शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

### एसइईको खस्केको नतिजाको जिम्मा सबैको

**केही दिनअघि शिक्षाविद् डा. विद्यानाथ कोइरालाले एसइईको नतिजा कमजोर आउनुमा पहिलो दोषी शिक्षक भएको बताएपछि शिक्षा क्षेत्रमा उनको अभिव्यक्तिलाई लिएर बहस शुरु भएको छ । शिक्षाविद् कोइरालाले शिक्षकले पढाउन नजानेको, पढाउने कला पनि थाहा नभएको दाबी गर्दै विद्यार्थी परिवर्तन भए पनि पढाउने शैली पुरानै हुनु नै नतिजा कमजोर आउनु पहिलो कारण भएको स्पष्ट पारे । शिक्षकहरूमा विद्यार्थीको रूची केमा छ र कसरी पढाउँदा सहजरूपले बुझ्न सक्छन् भन्ने कुरामा चिन्तन नै नभएको उनको भनाइ छ । २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसइई)मा सामेल चार लाख ६४ हजार सात सय ८५ जनामध्ये दुई लाख २२ हजार चार सय ७२ जना मात्रै अर्थात् लगभग ४८ ٪ कक्षा ११ मा भर्ना हुन योग्य भएका छन् भने दुई लाख ४२ हजार तीन सय १३ जना विद्यार्थी कक्षा ११ मा भर्ना हुन अयोग्य ठहरिएका छन् ।**

**एक कोणबाट हेर्दा डा. कोइरालाको भनाइ ठीकै लाग्छ, तर यथार्थ त्यतिमात्र होइन । मुलुकको वार्षिक बजेटको १० प्रतिशतभन्दा ज्यादा शिक्षामा मात्रै खर्च हुन्छ । हुनुपर्ने त २० प्रतिशत हो । अन्तर्राष्ट्रिय मञ्चहरूमा सरकारी प्रतिनिधिहरू २० प्रतिशतै बजेट विनियोजन गर्ने प्रतिबद्धता गर्न चुक्दैनन् पनि । तर, विनियोजनमा चुक्छन् । त्यसैले त देशभरका सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी कम छन् । भएका दरबन्दी पनि हजारौंको सङ्ख्याका रिक्त छन् । भवन लगायत पूर्वाधार कमजोर छन् । अर्थात् सरकारले शिक्षालाई पर्याप्त लगानी गरेको छैन। त्यसो त यसपाली नतिजा निकाल्दा अपनाइएको मापदण्ड फरक थियो । सैद्धान्तिकतर्फ पनि ३५ अङ्क ल्याएकै हुनुपर्ने लगायत मापदण्डका कारण धेरै विद्यार्थी कक्षा ११ मा भर्ना हुन अयोग्य हुने भएका हुन् । तर, खासगरी हाम्रो पठनपाठन र शैक्षिक प्रणाली नै कमजोर छ भन्न हिच्किचाउनु पर्दैन । मुलुकका कतिपय गाउँपालिकाभरिकै सामुदायिक विद्यालयको उत्तीर्ण प्रतिशत शून्य पनि देखियो । कतिमा जम्मा एकजना मात्रै उत्तीर्ण भए । यसले देशको विद्यालय शिक्षाको हालत देखाउँछ । सहरी जिल्लाकै थुप्रै सामुदायिक विद्यालयमा पनि अत्यन्तै कमजोर नतिजा आएको छ । निजी विद्यालयको नतिजा उत्कृष्ट आउने र सामुदायिकको कमजोर हुने भनेको देशकै लागि लज्जाको विषय हो ।**


**सरकारले गरेको लगानीबाट प्रतिफल नआउनु भनेको निकै ठूलो विडम्बना हो । तर, यो प्रतिफलका पछि बहुआयामिक कारण रहेका छन् । अभिभावकको कम चासो, अपर्याप्त लगानी, स्थानीय सरकारको बेवास्ता, शिक्षकलाई नियमित तालिमको अभाव, कमजोर पूर्वाधार, अयोग्य, दम्भी, कमजोर क्षमताका प्रधानाध्यापक, स्थानीय राजनीतिक हस्तक्षेप, शैक्षिक तथा शैक्षणिक सामग्रीको अभाव, भाषिक समस्या, विद्यार्थीको घरदेखि विद्यालयसम्मको दूरी, शिक्षक अभाव, कमजोर आर्थिक धरातलबाट आएका विद्यार्थीलाई सुविधा नहुनु, कतिपय शिक्षकमा राजाको काम कहिले जाला घाम भन्ने प्रवृत्ति हावी हुनु, विद्यालयमा शिक्षक र शिक्षक तथा शिक्षक र विद्यालय व्यवस्थापन समितिबीच द्वन्द्व, प्रश्न निर्माणको क्षेत्रमा भएको कमजोरी आदि धेरै कारणबाट आजको एसइईको नतिजा आएका कारण सम्पूर्ण दोष शिक्षकको थाप्लोमा हाल्ने शिक्षाविद् डा. कोइरालाको भनाइको आफैँ खण्डन हुन्छ । यो नतिजाको जिम्मा सबैले लिनुपर्छ । अर्कालाई पानी छ्यापेर आफू ओभानो बन्न कसैलाई छुट छैन ।**

सामाजिक सञ्जाल



सपथग्रहण गरिरहँदा प्रम र मन्त्रीहरूले त्रिशुलीमा दुई बससँगै हराएका नागरिकको स्मृति गर्नुपर्छ, हाम्रो दायित्वबोध राम्रोसँग हुन सक्नेछ । चुनौति चिर्दै नागरिक पंक्तिमा आशा भर्नुछ । सहकार्य भन्नु 'पुराना प्रश्न'को तिलाञ्जली होइन । दृढ ढंगले उठाउने छौं । आज सपथको दिन केवल शुभकामना !

**– विश्वप्रकाश शर्मा**



सत्ता परिवर्तनसंगै काला बिरालाहरू संघीय राजधानीका भवन र महल वरिपरि मँडारिन थाल्छन । त्यहीबाट शुरू हुन्छ सत्ताको दुरूपयोग । सरकार प्रमुखहरू आकाशमा काला बादल मँडारिदा पनि कालो चश्मा लगाउँछन । चम्चाहरू खुशियालीमा रमाउँछन् । जनता बिना अर्थ रमाउँछन् । यही हो नेपाल, नेपालीको घर !

**– किशोर नेपाल**

# संविधान संशोधनमा गठबन्धन

**डा. सुरेश आचार्य**




प्रधानमन्त्रीबाट पदच्युत हुने अवस्थामा आइपुग्दा पुष्पकमल दाहाल 'प्रचण्ड'लाई लाग्यो, धोका त मैले पो खाएछु । हिजोका पुराना धोकालाई बिर्सिएर पछिल्ला १८ महिनाबीचमा भएका खेल मात्र हेर्ने हो भने धोकाको प्रारम्भ कसले गऱ्यो ? यो प्रश्न उहाँले पहिला आफैँलाई सोध्नु पर्नेछ । २०७९ को निर्वाचनमा नेपाली कांग्रेस, नेकपा माओवादी, नेकपा एकीकृत समाजवादी लगायतका दलबीच केवल चुनाव जित्ने प्रयोजनका लागि गठबन्धन भएको थियो कि आगामी पाँच वर्ष संविधानको रक्षा गर्दै सरकार चलाउने प्रतिबद्धता व्यक्त भएको थियो ? मतदाताले हिजोको संसद् विघटन गलत थियो भनेर मतादेश दिएका थिए कि फेरि त्यही दलसँग मिल्न जाऊ, केही सिट फेरि पनि दिलाइदिन्छौं भनेका थिए ? धोका गठबन्धनमा रहेका कांग्रेस र नेकपा एकीकृत समाजवादीले मात्र पायो कि माओवादी केन्द्र समेतलाई मत दिने नागरिकले समेत पाए ?

सत्ता प्राप्तिलाई अन्तिम लक्ष्य बनाएर दौडँदै गर्दा प्रचण्डलाई यी कुनै प्रश्नको हेक्का रहेन । उहाँलाई जसरी पनि प्रधानमन्त्री भइरहनुपर्छ भन्ने मात्रै लाग्यो । धोका पहिलो पटक कांग्रेस र एकीकृत समाजवादीले खाए । कोर्स करेक्सन गर्न भनेर फर्कँदै गर्दा एमालेले धोका खायो । राजनीतिक जात मिलाउने नाममा एमालेसँग मिलेर फेरि कांग्रेसलाई धोका दिइयो । कांग्रेसले भनेकै थियो- धोका खानेहरू एक ठाउँमा उभिए भने के हुन्छ प्रधानमन्त्रीज्यू ? जवाफमा उहाँको दम्भ बोल्यो । पुराना कुरा दोहोऱ्याइयो र भनियो- टाउको काट्न पनि मिलेकै थियौँ । त्यतिसम्म असहिष्णु र अशिष्ट हुन जरुरी थिएन । शान्ति सम्झौतामा पनि मिलेकै थियौँ । गणतन्त्र पनि मिलेरै ल्यायौँ । यतिबेला मैले अर्को बाटो रोजेँ भनेको भए धोका दिँदै गर्दा पनि कम्तीमा शिष्टता झल्कने थियो ।

अब अहिले प्रचण्डलाई फुर्सदै फुर्सद मिलेको छ । सत्ता छोड्दै गर्दाका उहाँका अभिव्यक्तिले सहानुभूति जगाउन सकेन । उहाँले प्रतिनिधि सभाको रोस्ट्रममा उभिएर धेरै हदसम्म सत्य बोल्नुभयो, तर कांग्रेसको साथ छोड्न अदृश्य शक्तिले दिएको दबाबबारे सत्य बोलिएन । आफ्नै पार्टीभित्र अनाहक उकास्नेहरूबारे सत्य बोल्नु भएन र जनताले दिएको अभिमतको अनादर गरेर सत्तालाई पहिलो लक्ष्य बनाउँदाको परिणाम भोगेको सत्य भुले झैं गर्नुभयो । उहाँले एक पटक विगत १८ वर्ष सत्ता वरिपरि घुमिरहँदा अरूलाई दिएको धोकाको समीक्षा गर्नुभयो भने अहिले आफूले पाएको धोका फिका रहेछ भन्ने आत्मानुभूति हुनेछ । भोलिका दिनमा यस्तो धोका दिनु आफ्नै गोडामा बन्चरो हान्नु सरह हुने रहेछ भन्ने आत्मबोध पक्कै हुने छ ।

प्रचण्डका लागि सरकारमा कांग्रेससँगको यात्रा जति सहज थियो, त्यो नेकपा एमालेसँग हुँदैन भन्ने उहाँको अनुभवसिद्ध थुप्रै आधार र प्रमाण थिए, जुन कुरा उहाँले रोस्ट्रममै व्यक्त गर्नुभयो । कांग्रेससँगै रहँदै गर्दा पटक पटक विश्वासको मत लिनुपर्ने बाध्यता पनि हुने थिएन र कम्तीमा आगामी पुससम्मको यात्रा सुरक्षित थियो । तथापि बहकावमा भड्किने आफ्नो स्वभाव र चरित्रलाई उहाँ आफैँले संसद्मा स्वीकार गर्नुभयो । तर, समयले उहाँलाई पाठ पढाउन सकेन । चुनावमा जाँदै गर्दा माओवादीले कांग्रेससँग गरेको गठबन्धनलाई एमालेले ठगबन्धन भनेकै थियो । प्रचण्डले त्यसलाई आफैँ प्रमाणित गर्ने पटक-पटक प्रयत्न गर्नुभयो । अन्त्यमा हार खाएर एमालेले ठग्यो भन्नु सर्पको खुट्टा सर्पले देख्छ भने झैँ भएन र ?

धोकैधोकाको यो दुष्चक्रबाट मुक्तिका लागि पनि संविधान संशोधन जरुरी देखियो । अहिले बनेको सरकार गठबन्धनको एउटा सर्त संविधान संशोधन पनि हो । एउटा प्रधानमन्त्रीले डेढ वर्षमा पाँच पटक विश्वासको मत लिँदा पनि नटिक्ने कस्तो संविधान हामीले बनायौँ ? सामान्यतः कसैले बहुमत नल्याउँदा पहिलो ठूलो पार्टीले सरकार गठनको त मौकै नपाउने रहेछ । साना दलको चलखेलमा पहिलो ठुलो दल सधैँ प्रतिपक्षी बनेर टुलुटुलु हेरेर मात्र बस्नुपर्ने कस्तो लोकतान्त्रिक संविधान बन्यो ?

यस्तो प्रावधान फेर्नु पश्चगामी हुन्छ भने सरकारले यो काम सबैभन्दा पहिलो प्राथमिकतामा राखेर गर्नुपर्छ । यो निर्वाचन पद्धतिको मात्र दोष भएन, यो त संविधानमा रहेको त्रुटि नै देखियो । पहिलो दलले विश्वास आर्जन गर्न सकेन भने अरू दललाई सरकार गठनको अवसर दिनु स्वाभाविक हो, तर पहिलो ठूलो दल भएर प्रतिपक्षी बनिरहनुपर्ने विडम्बनाको अन्त्य संविधान संशोधनको प्रारम्भ बिन्दु हुनुपर्छ ।

आज यो प्रसङ्ग कांग्रेससँग जोडिएको छ । भोलि जो कसैले यही नियति व्यहोर्नु पर्नेछ । यो आज कसैका लागि अवसर दिलाइ दिने कुरा जस्तो सुनिएला, तर एउटा पद्धति बसाउने कुरा हो । प्रणाली स्थापित गर्ने कुरा हो । पहिलो ठूलो पार्टीले सरकार बनाउने अवस्था रहन्थ्यो भने १८ महिनामा पाँच पटक विश्वासको मत लिने खेलको कम्तीमा प्रारम्भै हुने थिएन । यसलाई संविधानको पश्चगमन हुनेछ भनेर व्याख्या गरिन्छ भने भन्न दिइरहनुपर्छ । संसदीय पद्धतिलाई सुधार्ने नाममा शुरु गरिएको यो व्यवस्थालाई विकृतिका रूपमा स्वीकार गर्ने आँट गर्न हिच्किचाउनु हुँदैन ।

अहिलेको प्रदेशदेखि सङ्घसम्मका संसदको संरचनाभित्र सरकारको स्थायित्वको परिकल्पना त्यसबेला मात्र सम्भव छ, जतिबेला स्वाभाविक सत्ता र प्रतिपक्ष बन्नुपर्ने दल एक हुँदैनन् । सत्तासीन हुँदैनन् । अन्यथा सरकार साना दलले खेलाउने खेलको सिकार बनिरहने भयो । सत्ता टिकाउने खेलका लागि दललाई फुटाउने प्रवृत्ति सरकारको अस्थिरताको अर्को कारक हो । निर्वाचन जुन दलबाट जितिन्छ, त्यो कार्यकालभर त्यही दलमा कायम रहने व्यवस्था संविधानमै गर्नुपर्ने भयो ।

अन्यथा उपेन्द्र यादवको नियति नयाँ वा पुराना जुनसुकै दलले भोगिरहनु पर्नेछ । त्यसकारण पनि संविधान संशोधन जरुरी छ । संसदीय पद्धतिप्रतिको प्रतिबद्धतामा कतिपय दलको ज्ञानमा मात्र कमी छैन, निष्ठामा पनि कमी देखिन्छ । संसदीय पद्धतिमा सरकार बनाउने पहिलो दलले हो । एकल बहुमत भए पनि अल्पमत भए पनि पहिलो अवसर उसैले पाउनुपर्ने हो । अल्पमतको सरकारलाई संसद् विघटनको अधिकार अन्तिम समयमा मात्र दिनुपर्छ, जतिबेला त्यो संसद्ले कुनै सरकार बनाउने सम्भावना रहँदैन ।

यस अर्थमा अहिलेको धारा ७६ (५) उपयुक्त छ । उचित छ । सत्ताबाट निस्कनुपर्ने अवस्थामा संसदीय पद्धतिप्रतिको सामान्य सुझबुझ पनि नराखी सरकार जनताको अल्पमतले चलाउन लागेको टिप्पणी गरेर एक पार्टीका नेताले आफ्नो बौद्धिक दयनीयतालाई बुद्धिमान झैँ प्रस्तुत गरे । सरकार जनमतका आधारमा गठन हुने हो, जनसंख्याका आधारमा होइन । सबै जनसंख्याले मत हाल्ने अधिकारै राख्दैन । १८ वर्षमुनिको नाबालिग हो भनेर कानून बनाउनेलाई थाहा छैन, यो देशमा २८ प्रतिशत त १४ वर्षमुनिका छन् । सम्भवतः १८ वर्षमुनिका ३५ प्रतिशत नव युवा यो देशमा छन्, जसको मताधिकार छैन । जहाँ पढेलेखेका नेता बन्नै सक्दैनन् र जहाँ गफाडीको लोकप्रियता बढ्ने गर्छ, उनीहरूलाई यो अङ्कगणित थाहा नहुनु आश्चर्य होइन ।

संविधानले संशोधन खोजेको अर्को विषय निर्वाचन पद्धति पनि हो । नेपालको निर्वाचन पद्धतिले सत्ता राजनीतिलाई मात्र प्रभावित गरेको छैन, भ्रष्टाचारको जड पनि बनेको छ । निर्वाचन यति महँगो भएर गएको छ, अब कमिसनखोर व्यापारी र घुसखोर नेता वा कर्मचारीले मात्र चुनाव लड्न सक्छन् । समानुपातिक निर्वाचन यस्तै व्यक्तिका लागि सांसद बन्ने सुरक्षित आवरण बनेको छ । नेताका पत्नीदेखि प्रेमिकासम्म समानुपातिक सांसद बन्ने तर पार्टीमा निष्ठापूर्वक जीवन बिताएको सदस्यले अवसर नपाउने कारण बनेको छ ।

समानुपातिकको आसय समावेशी चरित्रको संसद् अवधारणाका लागि थियो । यसको चरम दुरुपयोग भएको छ । यसलाई रोक्न प्रतिनिधि सभा प्रत्यक्ष मतका लागि चुनिने दुई सयसम्मको बनाउनु उपयुक्त हुनेछ । राष्ट्रिय सभालाई आमनिर्वाचनकै बेला प्राप्त समानुपातिक मतका आधारमा एक सय जनासम्म रहने व्यवस्था गर्नु उचित हुन्छ । राष्ट्रिय सभाका लागि छुट्टै चुनाव गरेर खर्च बढाउनु जरुरी छैन । प्रदेश सभाको आकार यही आधारमा पनि १५० घट्ने छ ।

अहिले प्रदेशलाई अरू ढङ्गमा चलाउनु प्रतिगमनमा जान लागेको सन्देश हुने छ । तसर्थ प्रदेशलाई अधिकारसम्पन्न बनाएर उसको औचित्य पुष्टि गर्ने आधार तयार गर्नुपर्छ । केन्द्रीकृत सोच र मान्यताबाट माथि उठेर 'सबै नेपालीको संविधान, सहज र स्वाभाविक राजनीतिक प्रतिस्पर्धाको निर्वाचन'को मान्यताका लागि संविधान संशोधन जरुरी छ । सरकारको नयाँ गठबन्धनको औचित्य पुष्टिका लागि पनि कम्तीमा यति गर्न आवश्यक हुन्छ । *गोप*



# सिमलतालमा आँशुको व्यापार

चितवनमा पर्ने नारायणगढ-मुग्लिन सडक खण्डको भरतपुर महानगरपालिका-२९ सिमलतालमा शुक्रबार बिहानपख गएको पहिरोमा परेर दुई वटा यात्रुवाहक बसमा सवार ५० जनाभन्दा धेरै व्यक्ति त्रिशूली नदीमा बेपत्ता छन् । बेपत्ता भएकाहरूको खोजी कार्य चलिरहेको छ । बस अझै फेला परेको छैन तर घटनास्थलभन्दा धेरै टाढा केही शव भेटिएका छन् ।

दुर्घटना चाहेर हुने विषय होइन । अकस्मात् आइपर्ने विपद् हो । सिमलतालमा भएको यो समान्य विपद् होइन । स्थानीय पत्रकारहरूले दैनिक रिपोर्टिङ गरिरहेका छन् । देशमा मात्र होइन विदेशका अखबरहरूले पनि यो विषयलाई महत्वपूर्ण ठाउँ दिइरहेका छन् । दुईवटा बस र त्यसमा सवार ५० जनाभन्दै धेरै मानिस एकै ठाउँमा विपद्मा पर्नु कम दु:खको विषय होइन ।

घटनापछि स्थानीय प्रशासनले सम्भव भएसम्मको शक्ति प्रयोग गरेर उद्धारको काम गरिरहेको छ । सुरक्षाकर्मीहरू त्यो बेगमय नदीमा डुबुल्की मार्दै बस र यात्रु खोज्ने प्रयासमा छन् । हेर्न पुग्नेको ताँती छ । घटनाप्रति दुःख मान्नेहरूको सागर छ । कामना गर्नेहरू उत्तिकै छन् ।

यही घटनालाई लिएर कसैलाई भने कमाइखाने माध्यम बनेको छ । समाचारका लागि सूचनाभन्दा पनि सामाजिक सञ्जालमा भिडियो राखेर लाइक, शेयर र भ्युअर्स बढाएर पैसा कमाउने धुनमा लागेकाहरूका लागि यति बेला सिमलताल उपयुक्त 'जक्शन' बनेको छ । क्यामेरा बोक्नेका ताँती छ, प्रस्तुति अनेक भाँतीका छन् । खास पत्रकारहरू ओझेलमा परेका छन्, यिनै पीडा बेच्ने व्यापारीहरूको दबदबा छ ।

बिहानै उद्धार टोली पुग्नुअघि नै क्यामेरा बोकेर पुग्ने र एकोहोरो फलाक्नेको संख्या बढ्दै गएको छ । उद्धारकर्ताहरूभन्दा क्यामेरा बोकेर फलाक्नेहरू धेरै देखिने अवस्था छ । घटनामा परेकाहरूको आफन्तको रुवाबासी छ । तर, त्यही आँशुलाई बेच्न तिनै क्यामेरा बोक्नेहरू तछाँडमछाड गर्दैछन् । मानवीय संवेदनामा विवेकशून्य हुनुहुन्न । सके सहयोग गर्ने हो नसक्दा सान्त्वना दिने हो । तर, त्यहाँ तिनै संवेदनलाई बिक्री गरिएको छ ।

सामाजिक अभियन्ताका नाममा अरूको पीडालाई बेच्ने छुट कसैलाई हुन्न । यस्ता शैलीमा पुग्नु र प्रोत्साहन दिनु भनेको अराजकता र भडुँवालाई प्रश्रय दिनु हो । यो-त्यो, यसो-उसो, यहाँ-त्यहाँ, यसरी-उसरी भन्दै भिडियो खिच्दै असुहाउँदो प्रस्तुति गरेर समाजलाई भ्रम छर्नेहरूको बिगबिगी यस्ता घटनाहरूमा बढ्दै जान थालेका छन् । आफूलाई फाइदा हुने अनुकूलता हेरेर समाज र पीडितलाई त्यही अनुसार भड्याउने खेलमा यस्ता तत्व हाबी हुँदै गएका छन् ।

शुरुमा दुर्घटना भएको विषयलाई हल्लीखल्ली गरेका त्यो वर्गले त्यसपछि घटनामा परेकाहरूको आफन्तका आँशुलाई बेच्यो । त्यतिले नपुगेर उनीहरूलाई उचालेर सडक बन्द गराउने हर्कतसम्ममा तम्सियो । आफैँ उचाल्ने कर्ममा लागेको त्यस्ता व्यपारीहरूका विषयमा कोही कसैले बोल्ने, सोध्ने हिम्मत गरेको देखिन्न । घटनास्थलमा हेर्दा लाग्छ, राज्य नै ती क्यामेरा बोकेका हल्लाखोरहरू हुन, अरू सब बेकामे छन् ।

गजबलाग्दो कुरा त के छ भने तिनै आँशुका व्यपारीहरूका क्यामेरा अगाडि परेर बोल्दा स्थानीय प्रशासन र प्रहरी आफूलाई ठूलो मान्छे भएको ठानेको देखिन्छ । उनीहरूका क्यामेरा अगाडि बोल्दा आफू पनि भाइरल भएको अनुभूति गरेको देखिन्छ । तिनलाई तिमी यहाँ आएर अरूको पीडामा खेलेर आँसुको व्यापार नगर भन्ने हिम्मत कसैले गरेको देखिन्न । प्रशासन र प्रहरीले ती सबै क्यामेरा बोकेर हल्लीखल्ली गर्नेहरूलाई पत्रकारकै रूपमा बुझेको पाइन्छ । थाहा हुनुपर्छ, क्यामेरा बोक्ने सबै पत्रकार हुँदैनन्, फलाक्ने सबै सञ्चारकर्मी हुन्नन् ।

त्यसैले यस्ता घटनामा को कुन उद्देश्यले आएको छ, कसले कसरी प्रस्तुति गरिरहेको छ भन्ने विषयमा सरोकार राख्ने निकाय र घटनासँग जोडिएका पात्रहरू असाध्यै चनाखो बन्नुपर्ने समय आएको छ । आफू अनुकूल घटनालाई तोडमोड गराउने, उछालपछार गराउने र भिडियो बेचेर कमाउने नियत राख्नेकाबिरुद्ध हाम्रा आँसुको व्यापार गर्ने छुट तिमीलाई छैन भन्ने आँट हुनुपर्छ ।

कसैको मानवीय संवेदनालाई बिक्री गर्नेहरू सामाजिक अभियन्ता हुनै सक्दैनन् । ती समाजका अराजक र भडुँवा हुन् । यिनले आफूलाई फाइदा हुने देखे भने समाज र पीडितलाई आफ्नो अनुकूलमा भड्काउन तयार हुन्छन् र त्यही भिडियो व्यापार गर्न थाल्छन् । त्यसैले त्यस्ता व्यक्ति चिनौं, उसको प्रयोजन बुझौं र यसो नगर भनेर सम्झाऔं । पीडामा परेकाहरूलाई सहयोग गर्ने हो, तथ्यसहितको सूचना दिने हो, तर अरूको आँशुलाई व्यापार गर्ने होइन र गर्न दिनुहुन्न । उज्यालो

# मोरङमा १५०० केजी गाँजा नष्ट



**विराटनगर, असार ३१।** मोरङमा एक हजार पाँच सय केजी गाँजा नष्ट गरेको छ ।

इलाका प्रहरी कार्यालय रंगेलीले एक हजार पाँच सय केजी गाँजा नष्ट गरेको हो । रंगेली-७ स्थित तिरुपति आर्यघाट नजिकैमा रहेको डस्वसिन साइडमा ठूलो मात्रामा गाँजा नष्ट गरिएको इलाका प्रहरी कार्यालय रंगेलीका प्रहरी निरीक्षक सन्तोषकुमार खड्काले जानकारी दिए ।

मोरङ प्रहरी गत असार १४ गते धनपालथान गाँउपालिका-७ स्थित कमलपुर टोल बस्ने वर्ष ३० का राजकुमार सिंहले आफ्नो घरमा लुकाइ राखेको अवस्थामा प्रहरीले खोजतलास गर्दा उनको करेसाबारीमा एक हजार पाँच सय ४८ केजी गाँजा (४९ बोरा) गाजा बरामद गरेको थियो ।

प्रहरीले उक्त गाँजा मोरङ जिल्ला अदालतका नासु तेजेन्द्रप्रसाद शाह, वडाध्यक्ष रामचन्द्र मण्डल, नगरपालिका पशुपतिलाल दास, स्थानीय, बुद्धिजीवी लगायतको रोहवरहमा गाँजा नष्ट गरेको प्रहरी निरीक्षक खड्काले बताए ।

पछिल्लो केही समयदेखि कोशी प्रदेशमा बिरामी बोकेर गुड्ने एम्बुलेन्स तथा सब्जी बोक्ने गाडीहरुले धमाधम गाँजाको ओसारपसार गरिरहेका छन् । कोशीका विभिन्न जिल्लाहरुमा प्रहरीले गाँजा फडानीलाई तीव्र दिइरहेको बेला एम्बुलेन्सले गाँजा तस्करी गरेपछि प्रहरीलाई थप चुनौति बढेको छ ।

यसैबीच मोरङको विराटनगर महानगरपालिका-४ इक्राहीबाट एक सय दुई किलो गाँजासहित तीन जनालाई प्रहरीले पक्राउ परेका छन् ।

बा ६ च ४६८९ नम्बरको कारमा लागूऔषध गाँजा ल्याउदै गरेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले कारको डिकीमा लोड गरी ल्याउँदै गरेको अवस्थामा उक्त परिमाणको गाँजा फेला पारेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट कार चालक मोरङ केराबारी-५ का ३६ बर्षीय सुरेश लिम्बू, कारमा सवार धनकुटा सागुरिगढी-२ का ३४ बर्षीय सुवास नोयोहाङ र सुनसरी धरान-१३ कि ४२ बर्षीया लक्ष्मि राई विकलाई नियन्त्रणमा लिएको हो । पक्राउ परेका उनीहरुको सम्बन्धमा थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

# आज साउने सक्रान्ति अर्थात् लुतो फाल्ने दिन



आज साउने सक्रान्ति अर्थात् लुतो फाल्ने दिन । आजबाट असार सकिएर साउन महिना शुरू भएको छ । साउन महिनामा सूर्य कर्कट राशीमा रहने भएकाले धेरै गर्मी हुने र निरन्तर झरी पर्ने तथा कृषकहरू कृषि कार्य गर्दा पानीमा भिज्ने, माटोमा खेल्ने अनि हिलाम्मे हुने हुन्छ । जसका कारण मानिसलाई यो महिनामा विभिन्न किसिमका छालासँग सम्बन्धित रोगहरू विशेष गरी लुतो, दाद, घमौरा आउने बढी सम्भावना हुन्छ ।

साउने संक्रान्तिलाई यो परिपेक्षमा लुतो फाल्ने सक्रान्तिका रूपमा मनाउने चलन छ । लुतो फाल्ने आ–आफ्नै जनविश्वास रहेको छ । यस दिन नदी किनारमा गई शरीरमा लेसिलो पहेंलो माटो दलेर नुहाउँदा फोहोरजन्य कारणबाट आउने लुतो फालिन्छ भन्ने जनविश्वाश छ भने कसैले भान्टालाई दूलो पारेर चौबाटोमा फाली दिएर नुहाएमा समेत लुतोबाट छुटकारा पाइने जनविश्वास रहिआएको छ । कतै भने आज बेलुका साझ परेपछि पैयाको हाँगा, कुरिल्लो आदि राखेर आगोको राकोलाई फाल्ने चलन पनि छ ।

साउन महिनाभरि अत्यन्त वर्षा हुने भएकोले यसलाई 'पावस ऋतु' पनि भनिन्छ । कृषिप्रधान देशमा 'मानो खाई मुरी उब्जाउने' प्रचलित कथन अनुसार असार महिनाभर गरिएको खेतीपातीका कारण थाकेका किसान हिलोमैलो पखाली घरपरिवार र आफन्तका साथ रमाइलो गरी यस दिन भोज खाने गर्छन् । असारभर गरिने खेतीपातीका क्रममा हिलोका कारण फैलिन सक्ने छालाको रोगबाट मुक्ति पाउन साउने सङ्क्रान्तिका दिन साँझ लुतो, दाद आदि चर्मादि रोगबाट मुक्ति पाउन लुतो फाल्ने प्रचलन छ ।

महिलाहरू साउने सङ्क्रान्तिका दिनदेखि एक महिना सौभाग्यको प्रतिक हरियो चुरा र मेहन्दी लगाउनुका साथै शिवलाई प्रसन्न पार्न सोमबारे व्रत बस्छन् । देवी पार्वतीले साउन महिनाभरि निराहार रही कठोर व्रत बसेकीले सोमबारको व्रतको महत्व छ ।

**के हो लुतो फाल्ने भनेको ?**

परम्परागत रूपमा एक हिसाबले यो साउने संक्रान्तिको दिनबाट वर्षायामको अन्त भई हिउँदको प्रारम्भ हुन्छ भन्ने मान्यता रहिआएको छ । विशेषगरी हिन्दू सम्प्रदायमा साउने सङ्क्रान्तिको दिन नासपाती, कागती, निबुवा, अम्बा, अनार, फलफूल आदि चढाई काण्डरक राक्षसको पूजा गरेमा दाद, लुतो, खटिरा जस्ता विभिन्न रोगहरूबाट मुक्त भइन्छ भन्ने विश्वास छ ।

साथै, कुकुरडाइनो, कागभलायो, कुरिलो, सिस्नो, पानीसरो, देवीसरो, पुरेनी र गलेनी जस्ता औषधिका रूपमा प्रयोग हुने वनस्पतिको आगो बालेर ताप्ने तथा आ–आफ्ना घर आँगनबाट चारै दिशामा अगुल्टोद्वारा लुतो फाल्ने गरिन्छ । यही साउन महिनालाई हिन्दू महिलाहरूले विशेष पर्वको रूपमा मनाउने गर्दछन् । महिलाहरूले आफ्ना पतिको सुस्वास्थ्य र दीर्घायुको लागि शिवजीको व्रत बस्ने र हातमा मेहन्दी लगाई साउनभरि हरियो चुरा लगाए पतिको सुरक्षा हुने विश्वास पनि गरिन्छ ।

**पौराणिक विश्वास**

वर्तमान समयमा प्रचलनमा रहेको मेषादि निरयण १२ राशिचक्र मध्ये चौथो साउने संक्रान्तिको दिन असारे वर्षात्, हिलोबाट लाग्न सक्ने रोगबाट जोगिन लुतो फाल्ने प्रचलन छ । यस अन्तर्गत कागती, निबुवा, अम्बा, अनार, नासपाती आदि फलफूलहरु चढाएर कण्डारक नामक राक्षसको पूजा गर्नाले दाद, लुतो खटिरा जस्ता चर्मरोगको प्रकोपबाट बच्न सकिन्छ भन्ने विश्वास छ । साँझमा कुकुर डाईनो, काग भलायो, कुरिलो, पानीसरो, पुरेनी, गलेनि आदि औषधीजन्य वनस्पतिहरु जलाएर घर-घरका आंगनबाट चारै दिशामा फ्याकिन्छ, यसैलाई नै तुतो फ्याकेको भन्ने चलन छ । लुतो फ्याक्दा नाङ्लो ठटाउने, शंख फुक्ने, घण्ट बजाउने, ढिकी कुट्ने तथा केहीबेरसम्म घरको ढोका बन्द गर्ने प्रचलन समेत रहिआएको छ ।

# प्रशासनिक भवन बन्दै

**भोजपुर, असार ३१।** भोजपुरको हतुवागढी गाउँपालिकामा प्रशासनिक भवन निर्माणको कामले तीव्रता पाएको छ ।

भवन नहुँदा नागरिकलाई सेवा प्रवाहमा देखिएको समस्यालाई ध्यानमा राख्दै यहाँ करिब रु. सात करोड ५२ लाख लागतमा प्रशासनिक भवन निर्माणको काम थालिएको हो । भवन निर्माण शुरु भएको सात महिना करिब ३६ प्रतिशत काम सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश निरौलाले जानकारी दिए । प्रशासनिक भवन गाउँपालिकाको ४० प्रतिशत र सङ्घ सरकारको ६० प्रतिशत लगानीमा निर्माण भइरहेको उनको भनाइ छ ।

निर्माण शुरु भएको सात महिनाको अवधिमा हालसम्म दुई तला ढलानको काम सम्पन्न भइसकेको प्रशासकीय अधिकृत निरौलाले जानकारी दिए । लिफ्टसहित चार तलाको बन्ने भवन २४ महिनाभित्र सम्पन्न गर्ने सम्झौता रहेको छ । गाउँपालिकाको आफ्नो भवन नहुँदा विगतको प्राथमिक स्वास्थ्य चौकीको पुरानो कच्ची भवनबाट सेवा प्रवाह भइरहेको छ ।

जनतालाई सेवा दिने व्यवस्थित भवन हुँदा भोग्नुपरेको समस्यालाई ध्यानमा राखेर सङ्घ सरकारसँगको लागत साझेदारीमा प्रशासनिक भवन निर्माण थालिएको गाउँपालिका अध्यक्ष प्रेमकुमार राईले बताए । भवन निर्माणपश्चात् सेवा प्रवाहमा सहजता हुने अध्यक्ष राईको भनाइ छ । भवन निर्माणको कामलाई गुणस्तरीय ढङ्गले समयमा सम्पन्न गराउन भूमिका खेलिरहेको उनको भनाइ छ ।

भवन निर्माणको काम तोकिएको अवधिभन्दा अघि नै सम्पन्न गर्ने लक्ष्यका साथ काम गरिरहेको निर्माण कम्पनीका इञ्जिनियर सुनिल जानलाले बताए । हालसम्म भवन निर्माणको काम ३६ प्रतिशतको हारहारीमा सम्पन्न भएको कम्पनीको दाबी छ । भवन निर्माणको लागि हालसम्म गाउँपालिकाको तर्फबाट रु. दुई करोड ५० लाख र सङ्घ सरकारको रु. १२ लाख गरी कूल रु. दुई करोड ६२ लाख भुक्तानी गरिएको गाउँपालिकाले जनाएको छ ।

# कमलमा सार्वजनिक सुनुवाई




**कमल, असार ३१।** कमल गाउँपालिकाले सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको छ ।

कमल गाउँपालिकाको आयोजना तथा हिमशिखर टेलिभिजनको प्राविधिक सहयोगमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा चालू आर्थिक वर्षमा पालिकाबाट सम्पन्न भएका विभिन्न योजनाको अवस्थाका, सूचना प्रवाहका वारेका गाउँबासीका तर्फबाट जिज्ञासाका साथै सुझाव राखिएको थियो ।

नागरिकबाट प्राप्त जिज्ञासालाई गाउँपालिकाका अध्यक्ष हुकुमसिंह राई, उपाध्यक्ष प्रमिला न्यौपाने तिवारी, प्रमुख प्रशासकीय अधिकृत राजकुमार शाक्यले प्रष्ट पारेका थिए । वडा स्तरमा उठेका जिज्ञासाको, सम्बन्धित २ नम्बर वडा अध्यक्ष अशोक सुब्बा, ७ वडा नम्वर अध्यक्ष पृथ्वीपति राईले प्रष्ट पारेका थिए ।

त्यस्तै विषयगत शाखामाथि उठेका जिज्ञासालाई सम्बन्धी शाखाका प्रमुख अन्तर्गत कृषि विकास शाखा प्रमुख महेन्द्र बोहोरा, पशुसेवा शाखा प्रमुख दिपेन्द्र लामिछाने, बालबालिका शाखा प्रमुख रीता कार्की लगायतले सेवाग्राहीले राखेका जिज्ञासालाई प्रष्ट पारेका थिए । कार्यक्रमको सहजीकरण सञ्चारकर्मी उमानाथ भण्डारीले गरेका थिए ।

# नगरपालिकाद्वारा सिलाई मेसिन वितरण



**बिर्तामोड, असार ३१।** बिर्तामोड नगरपालिकाले गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत सिलाई मेसीन वितरण गरेको छ ।

नगरपालिकाको कार्यालयमा संक्षिप्त कार्यक्रमको आयोजना गर्दै आठ जना उद्यमशील महिलालाई सिलाई मेसिन र दुईवटा समूहलाई इलेक्ट्रोनिक मेसिन वितरण गरिएको हो ।

इलेक्ट्रोनिक मेसिन प्राप्त गर्ने बिर्तामोड-२ को लालीगुराँस लघुउद्यमी समूह र सृजनशील लघुउद्यमी समूह रहेको उद्यम विकास शाखा प्रमुख चनिमाया तामाङले जानकारी दिइन् । तामाङका अनुसार सिलाई मेसिन प्राप्त गर्ने वडा नम्बर ७ का पाँच जना, ४ का एक जना, १ का एक जना र ३ का एक जना महिला रहेका छन् ।

कार्यक्रममा नगर प्रमुख पवित्रा महतारा प्रसाईले स्वरोजगार बन्नका लागि नगरले प्रदान गरेको मेसिन सदुपयोग गर्न आग्रह गरिन् । उनले यसअघि बाँढिएका विभिन्न प्रकारका प्रविधिको उपयोग भइरहेको छ कि छैन भन्नेकुराको अनुगमन गर्ने पनि बताइन् ।

नगर प्रमुख प्रसाईले उद्योग स्थापना गर्न नसक्नेले पनि सिपलाई रोजगारसँग, रोजगारीलाई उत्पादनसँग र उत्पादनलाई बजारसँग जोडेर जिविकोपार्जन सकिने बताइन् ।

नगरपालिकाले लघुउद्यमी बन्नका लागि सिपमूलक तालिम प्रदान गरेर प्रविधि हस्तान्तरण गर्दै आएको छ ।

आर्थिक विकास समिति संयोजक संगीता सिवाको अध्यक्षतामा आयोजित प्रविधि हस्तान्तरण कार्यक्रममा नगर प्रमुख प्रसाई, कार्यपालिका सदस्य तीला गौतम, निमित्त प्रमुख प्रशासकीय अधिकृत तिलचन भण्डारी, वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिना, न्युटन्स एजुकेशन एकेडेमीका प्रिन्सिपल देवेन्द्र हुमागाँई लगायतको उपस्थिति रहेको थियो ।

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*




सम्पर्क: दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३–५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**बराल ट्याक्सी सर्भिस**

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष
९८०६०१८१७४
९८४०३८७६७५

जीवन कार्की
९८१६९४०१७३
मे १ ज १६७०

नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**




Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
– गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
– बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
– शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
– प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
– प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आज तपाईलाई स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहने छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा बिचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, तपाईको सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मान हुनेछ, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आजको दिन सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धि समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आजको दिन शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
विपरीत लिङ्गी साथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।